# शान्ति सुरक्षालाई चुनौती दिदै कलैयाको मुख्य बजार मा रहेको तीन वटा पसलमा पुनः चोरीको प्रयास

*साझेदारी संवाददाता*
*कलैया, २५ भदौं*

शान्ति सुरक्षालाई चुनौति दिदै बारा सदरमुकाम कलैयाको मुख्य बराबरको भोला, रजनीगन्धा लगायतको चोरी गरेको थियो । यस पटक चोरले पसलको ताल्चा तोडन सकेन। यस पटक चोरले चप्पल, टर्च यसै सन्दर्भमा सक्ने व्यापारीले आफ्नो पसलमा सिसिटिभि जडान गर्न आवश्यक रहेको एक व्यापारी जनाउँछन्। नगर प्रहरी र जनपद



*ज्योति जेनरल्समा चोरले तोडन खोजेको ताल्चा ।* *तस्वीरः साझेदारी*

बजारमा सोमबार राति तीन वटा पसलमा पुनः चोरीको प्रयास भएको छ। चोरले नन्दलाल पान पसलको ताल्चा तोडी उनको पसलमा प्रवेश गरेको थियो। आफ्नो पसलमा के कति चोरी भयो सो उनले बताउन सकेनन्।

नन्दलालको पसलको प्लाई उखाल्दै छिमेकी विजय जेनरल स्टोर्समा समेत चोरले चोरी गरेको छ। नन्दलाल तथा विजय जेनरल्समा एक साता नवित्दै तीन पटक चोरी भएको छ। विजयको पसलमा तीन महिना यता छ पटक चोरी भइसकेको छ। सबै गरेर एक लाख भन्दा बढीको सामाग्री चोरी भएको विजय जेनरल्सको सञ्चालकको अनुमान रहेको छ ।

ज्योति जेनरल स्टोर्स बाट समेत चोरीको प्रयास भएको छ। गत साता यस पसलबाट १५ हजार रुपैयाँ लाइट तथा रड लगायतको दशी छाडेको छ। चोरलाई बजारमा रहेका प्रहरी नायब निरीक्षक विष्णु चौलागाईले लखेटेका छन् । लखेटने क्रममा चोर भाग्न सफल भएको उनले साझेदारी दैनिकलाई जानकारी दिए ।

एक ठाउँमा एउटा चोर र त्यस्को केही दूरीमा चार जना मानिस रहेको उनले जनाए । राति पौने १२ बजेको सो घटना भएको र। कुकुरहरु अत्याधिक रहेकोले चोर भाग्न सफल भएको उनले जनाए। चोरीको घटनालाई लिएर बारा कलैया उपमहानगरपालिकाका नगर प्रमुख विनोदप्रसाद साह चिन्तित भएका छन्। उनले मंगलबार विहान पीडित व्यापारीलाई भेटदै सुरक्षाको आवश्यक प्रवन्ध गर्न आफूले पहल गर्ने जनाए । सबै व्यापारीहरु सावधान भइ चोरलाई पक्रन प्रयास गर्न उनले सुझाव दिए । प्रहरीले यसमा विशेष ध्यान दिन आवश्यक रहेको उनी सुझव दिन्छन्।

चोर समूहले बुधबार राति आधा दर्जन पसलमा चोरी गरेको थियो। कलैया उपमहानगरपालिका १ अवस्थित यो बजारमा प्रायः चोरी तथा चोरीको प्रयास हुने गरेको हो। रिया रेडिमेड पसलमा चोरी भएको हो । नेहा शु सेन्टरबाट चोरले एक जोर जुत्ता र एक जोर चप्पल चोरेको बताइएको छ।

चोर समूहले गत साता रामचन्द्र साहको चिया पसलको ताला फुटाई गल्लामा रहेको करिब ४० रुपैयाँ चोरले लगेको थियो । केही समय देखि कलैया बजारमै यसरी चोरी भइरहेकोले शान्ति सुरक्षामा प्रश्न उठदै गएको छ । नगर प्रहरीलाई बजारमा रात्रिकालीन डयुटी दिनुपर्ने माग समेत उठदै गएको छ।

# खानेपानी जडान हुन लाग्दा माध्यमिक विद्यालय महम्मद्पुरका भए विद्यार्थी उत्साहित

*ओमप्रकाश यादव*
*रौतहट, २५ भदौ*

रौतहटको गरुडा नगरपालिका-५ महम्मद्पुर माध्यमिक विद्यालयमा शुद्ध, स्वच्छ खानेपानी जडान हुन लाग्दा सो विद्यालयका विद्यार्थिहरु उत्साहित भएका छन्।

आरडिसि नेपाल भन्ने संस्थाले माध्यमिक विद्यालय महम्मदपुरमा धारा सहितको शुद्ध स्वच्छ खानेपानी जडान गर्न लागेको विद्यालयका प्रधानाध्यापक राम नारायण यादवले बताएका छन् ।

दुषित पानीबाट विद्यार्थीहरुलाइ विभिन्न किसिमका रोग लाग्न सक्ने जोखिम भएको हुँदा कुनै प्रकारको रोग नलागोस भन्ने उदेश्यले शुद्ध खानेपानीको अभावमा विद्यार्थीहरु वर्षौदेखि दुषित पानी खान बाध्य हुँदै आएको अवस्थालाई दृष्टिगत गरी आफ्नै पहलकदमिमा आरडिसि द्वारा लाखौंको लागतमा शुद्ध स्वच्छ खानेपानी जडान गर्न लागेको प्रधानाध्यापक यादवले बताए ।




*श्री माध्यमिक विद्यालय महम्मदपुर ।* *तस्वीरः साझेदारी*

कक्षा १ देखि १२ कक्षासम्म पढाई हुने उक्त विद्यालयमा ठूलो संख्यामा विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।

तीनवटा टयांकी भएको अत्याधुनिक डिजाइनको धारा सहितको जडान हुन लागेको हो। खानेपानी निर्माण भइ सुचारु भएपछि सो विद्यालयका हजारौं विद्यार्थी लाभान्वित हुने छन् ।

खानेपानी निर्माण कार्य अन्तिम चरणमा रहेको छ। एक साता भित्रमा नै सुचारु हुने बताइएको छ।

विद्यालयमा पहिलो पटक धारा सहितको शुद्ध खानेपानी निर्माण हुन लाग्दा विद्यार्थीहरु निकै खुशी भएका छन् ।

# प्रसौनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी,बारा
मधेश प्रदेश, नेपाल

## शिक्षक पदपूर्ति सम्बन्धि सूचना ।

***प्रथम पटक प्रकाशित मिति २०८१/०५/२६***

प्रस्तुत विषयमा यस प्रसौनी गाउँपालिकाको पन्नै गाउँसभाको मिति २०८१/०३/३० को निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत विभिन्न सामुदायिक विधयालयहरुमा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्वयंसेवक करार शिक्षक पदपूर्ति गर्नुपर्ने आवश्यक भएकोले "प्रसौनी गाउँपालिकाको विद्यालय शिक्षक, कर्मचारी व्यवस्थापन तथा स्वयंसेवक करार शिक्षक छनौट कार्यविधि, २०८०"बमोजिम संघीय शिक्षण सहयोग अनुदान र स्वयंसेवक करार शिक्षक पदपूर्तीको लागि योग्यता पुगेका ईच्छुक नेपाली नागरीकहरुले तपसिल अनुसारको तह तथा संख्याको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएका कागजातहरु र निवेदन दस्तुर सहित आवेदन पेश गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**१. स्वयंसेवक शिक्षकको पदपूर्ति विवरण ।**

१.वालविकास

| विज्ञापन नं. | संख्या |
|---|---|
| ०३/२०८१/०८२ | १० (दस) |

२.प्राथमिक तह

| विज्ञापन नं. | संख्या |
|---|---|
| ०४/२०८१/०८२ | ११ (एघार) |

३.निम्न माध्यमिक तह

| विज्ञापन नं. | विषय | संख्या |
|---|---|---|
| ०५/२०८१/०८२ | नेपाली (Nepali) | १ (एक) |
| ०६/२०८१/०८२ | सामाजिक (Social Studies) | २ (दुई) |
| ०७/२०८१/०८२ | गणित (Maths) | १ (एक) |
| ०८/२०८१/०८२ | विज्ञान (Science) | २ (दुई) |
| ०९/२०८१/०८२ | अंग्रेजी (English) | १ (एक) |

४.माध्यमिक तह

| विज्ञापन नं. | विषय | संख्या |
|---|---|---|
| १०/२०८१/०८२ | नेपाली (Nepali) | १ (एक) |
| ११/२०८१/०८२ | सामाजिक शिक्षा (Social Studies) | ४ (चार) |
| १२/२०८१/०८२ | लेखा (Accounts) | ४ (चार) |
| १३/२०८१/०८२ | अर्थशास्त्र (Economics) | १ (एक) |
| १४/२०८१/०८२ | गणित (Maths) | १ (एक) |
| १५/२०८१/०८२ | विज्ञान (Science) | २ (दुई) |

**२. संघीय शिक्षण सहयोगअनुदान तर्फ**

५.माध्यमिक तह

| विज्ञापन नं. | विषय | संख्या |
|---|---|---|
| १६/२०८१/०८२ | विज्ञान (Science) | २ (दुई) |
| १७/२०८१/०८२ | गणित (Maths) | २ (दुई) |
| १८/२०८१/०८२ | अंग्रेजी (English) | ३ (तीन) |

३. **आवश्यक न्यून्तम शैक्षिक योग्यता**
- क. बालविकास - मान्यता प्राप्त शिक्षण संस्थाबाट कीा॰ वा सो सरह उत्तिर्ण गरेको ।
- ख. प्राथमिक तह - मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरि शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको ।
- ग. निम्न माध्यमिक - मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह परीक्षा उत्तिर्ण गरि शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको ।
- घ. माध्यमिक तह - मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरह परीक्षा उत्तिर्ण गरि शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको ।
- ङ. अंग्रेजी माध्यममा पढाउनेलाई अन्तरवार्तामा विशेष प्राथमिकता दिईनेछ ।

४. **आवश्यक र अन्य कागजातहरु**
- क. सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्र ।
- ख. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
- ग. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।
- घ. १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ ।
- ङ. उम्मेदवारको निवेदन ।
- च. वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा सम्कक्षता प्रमाण पत्रको प्रतिलिपि ।
- छ. दरखास्त फारम साथ पेश गरिएका सम्पूर्ण प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरेको हुनु पर्ने छ ।
- ज. हालसाल खिचिएको पासपोर्ट साईजको फोटो - २ प्रति
- झ. **परिक्षा दस्तुर :-** वालविकासका लागि रु.५००,प्रा.वि. तहको रु ६००,नि.मा.तह रु. ८०० मा.वि. तह रु.१००० यस कार्यालयको राजश्व खाता नं.०५३०७६८२९४००१९ र खाताको नाम (ग.१/१ आन्तरिक राजश्व खाता प्रसौनी) हिमालयन बैंकको शाखा कार्यालय प्रसौनीमा जम्मा गरेको बैंक भौचर तथा बुझाएको रसिद ।

५. **परीक्षाको किसिम :-** क) लिखित परिक्षा (सामान्य र विषयगत) ख) अन्तरवार्ता ग) प्रयोगात्मक

६. **तलब :** 'संघीय शिक्षक सहयोग अनुदान तर्फ नेपाल सरकारको मा.वि सरहको शिक्षकको तलब र स्वयमसेवक करार शिक्षक तर्फ वालविकास १३,०००।- प्राथमिक शिक्षक तर्फ १५,०००।- निम्न माध्यमिक शिक्षक तर्फ १७,०००।- र माध्यमिक शिक्षक तर्फ २०,०००।- मासिक रुपमा पारिश्रमिक उपलब्ध गराईनेछ ।

७. **परीक्षा मिति :-** पछि प्रकाशित गरिनेछ ।

८. **पाठ्यक्रम :-** शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम ।

९. **आवेदन बुझाँउने स्थानः-**प्रसौनी गाउँपालिकाको शिक्षा शाखा (आवेदन फारम यसै शाखा बाट प्राप्त गर्न सकिनेछ)

१०. **आवेदन दिने अन्तिम मिति :-** २०८१/०६/०९ गते कार्यालय समय भित्र।

११. **करार अवधि :-** २०८२ अषाढ मसान्त सम्म। (आवश्यकता अनुसार पुनः म्याद थप गरिनेछ ।)

जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं ।
सुवर्ण, प्रसौनी, देवताल, फेटा, करैयामाई र आदर्शकोतवाल गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी सन्देश